# नेपाल संस्कृत विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन–मूल्याङ्कन तथा कार्यक्षमता, अङ्क–विभाजन एवम् सिफारिससम्बन्धी निर्देशिका (कार्यविधि)–२०६७

**(२०७८ फागुन ८ सम्मको संशोधन सहित )**

नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम २०६७ को परिच्छेद १२, १३ र १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल संस्कृत विश्वविद्यालय, कार्यकारिपरिषद्को सिफारिसमा सेवा आयोगले नेपाल संस्कृत विश्वविद्यालय शिक्षक नियुक्ति एवं पदोन्नतिको सिफारिसका लागि देहायबमोजिमको निर्देशिका (कार्यविधि) तोकेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम 'नेपाल संस्कृत विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता, अङ्कविभाजन एवम् सिफारिस सम्बन्धी निर्देशिका (कार्यविधि) २०६७' रहेको छ । यसलाई सङ्क्षेपमा 'शिक्षक नियुक्ति सिफारिससम्बन्धी निर्देशिका २०६७' (२०७८ फागुन ८ सम्मको संशोधन सहित) भनिने छ ।

ख) यो निर्देशिका (कार्यविधि) संशोधन सहितको २०७८/११/८ गते देखि लागु हुनेछ ।

### १.२ परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–**

(क) 'ऐन' भन्नाले ने.सं.वि. ऐन २०४३ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ख) 'नियम' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्दछ ।

(ग) 'निर्देशिका' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता, अङ्क विभाजन एवम् सिफारिस सम्बन्धी निर्देशिका २०६७ (२०७८ फागुन ८ सम्मको संशोधन सहित) लाई सम्झनु पर्दछ ।

(घ) 'विश्वविद्यालय' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय भन्ने सम्झनु पर्दछ ।

(ङ) 'सेवा आयोग' भन्नाले ने.सं.वि.सेवा आयोग भन्ने सम्झनु पर्दछ ।

(च) 'अध्यक्ष' भन्नाले ऐन बमोजिमको सेवा आयोगका अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(छ) 'सदस्य' भन्नाले ऐन बमोजिमको सेवा आयोगका सदस्य भन्ने सम्झनु पर्दछ ।

(ज) 'नियुक्त सदस्य' भन्नाले ऐनको दफा ९(क) १ (ग) बमोजिमको सदस्य भन्ने बुझ्नु पर्दछ ।

(झ) 'सेवा' भन्नाले ने.सं.वि. सेवालाई सम्झनु पर्दछ, तर यस शब्दले ने.सं.वि.ऐन २०४३ (संशोधनसहित) द्वारा संस्कृत अध्ययन संस्थान विद्यापीठमा परिणत हुनु पूर्वको तात्कालिक संस्कृत अध्ययन संस्थान र यस अन्तर्गतका विद्यापीठहरूमा गरेको अविच्छिन्न सेवालाई समेत बुझाउने छ ।

(ञ) 'स्थायी सेवा' भन्नाले ने.सं.वि. सेवामा स्थायी नियुक्त भई कार्यरत वा ने.सं.वि.मा परिणत भएका शिक्षण संस्थाहरूमा स्थायी नियुक्त भई कार्यरत शिक्षकहरूको सेवा भन्ने बुझ्नु पर्दछ ।

(ट) 'पद' भन्नाले ने.सं.वि. सेवाका शिक्षणतर्फका पदहरू भन्ने सम्झनु पर्दछ ।

(ठ) 'प्रतियोगिता' भन्नाले ने.सं.वि. सेवा आयोगद्वारा लिइने बढुवा, आन्तरिक र खुल्ला प्रतियोगिता सम्झनु पर्दछ ।

(ड) 'लिखित परीक्षा' भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा भन्ने सम्झनु पर्दछ ।

*(ढ) 'शिक्षक' भन्नाले विश्वविद्यालयमा कार्यरत विभिन्न तहका प्राध्यापक भन्ने सम्झनु पर्दछ ।

(ण) 'अनुसूची' भन्नाले यसै निर्देशिका (कार्यविधि) को अनुसूची भन्ने सम्झनु पर्दछ ।

(त) 'योग्यता' भन्नाले विभिन्न तह र पदका लागि निर्धारित योग्यता भन्ने सम्झनु पर्दछ ।

(थ) 'अङ्क' भन्नाले सेवा आयोगबाट यस निर्देशिका (कार्यविधि) मा उल्लेख भएबमोजिम प्रदान गरिने अङ्क भन्ने सम्झनु पर्दछ ।

(द) 'सङ्गठनप्रमुख वा निकायप्रमुख' भन्नाले विद्यापीठमा प्राचार्य र अन्य निकायमा कार्यालय प्रमुख भन्ने सम्झनु पर्दछ ।

(ध) 'पुनरावेदन आयोग' भन्नाले ने.सं.वि. शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम २०६७ बमोजिम गठित पुनरावेदन आयोग भन्ने सम्झनु पर्दछ ।

**१.३** ऐन वा नियममा प्रयुक्त शब्द र वाक्यांशहरू यस निर्देशिका (कार्यविधि) मा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोहीअनुरूप गरिने छ ।

## परिच्छेद-२
## सिफारिससम्बन्धी कार्यविधि

***२.१** नियममा अन्यथा व्यवस्था भएकामा बाहेक कार्यकारी परिषद्ले स्थायी पदपूर्तिका लागि तोकी पठाएको पद, पदको सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी कारबाही सुरु गर्नेछ र साधारणतया विज्ञापन भएको मितिले ६ महिनाभित्रै सिफारिसको कारबाही टुङ्गो लगाई सक्ने छ । *विश्वविद्यालय सेवाको पद पूर्तिको लागि माग गर्दा सो अवधि सम्म रिक्त हुन आएका पद र आगामी छ महिना भित्रमा अवकाश तथा आन्तरिक प्रतियोगिताबाट रिक्त हुने पद समेत एकिन गरी माग गर्न सकिने छ ।

२.२ **<u>विज्ञापन र आवेदन फाराम</u>**

(क) नियुक्तिका लागि सिफारिस गर्नुपर्ने शिक्षक पद र त्यसको किसिम तथा सङ्ख्या, सबै प्रकारको न्यूनतम योग्यता एवम् प्रतियोगिताको किसिमसमेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको दैनिक-पत्रिकामा समेत प्रकाशित गर्नेछ । *विज्ञापन प्रकाशित गर्दा काम गर्नु पर्ने कार्यालय/विद्यापीठको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

(ख) विज्ञापन बमोजिम आवेदन दिने म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक छापिएको मितिदेखि ३५ दिन राखिने छ । साथै म्याद समाप्तिपछि दोब्बर दस्तुर तिरी थप ७ दिनभित्र आवेदन फाराम बुझाउन सकिनेछ । तर यसरी दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए सो थप अवधिलाई समेत आधार मानी उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आवेदन फाराम तोकिएको म्यादभित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित सर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारबाही गरिनेछैन । *परीक्षा प्रवेशपत्र जारी भै सके पछि कुनै उमेदवारको आवेदन फाराम रित पूर्वकको नदेखिएमा त्यस्तो आवेदन फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिने छ ।

(ङ) सेवा आयोगले प्रतियोगिताका लागि आवेदकहरूमध्येबाट रित पुगेका उम्मेदवारहरूको नामावली प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ (पन्ध्र) दिन अगाडि प्रकाशित गर्नेछ ।

(च) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदनदस्तुर र सम्बन्धित संलग्न कृति एवं कागजातहरू फिर्ता गरिने छैनन्।

(छ) आयोगद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने विश्वविद्यालयमा कार्यरत उम्मेदवारले आफूले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू विश्वविद्यालयद्वारा गठित समितिबाट अनिवार्यरूपले छानबिन गराएको प्रमाणपत्र फाराममा संलग्न गर्नु पर्नेछ ।

(ज) खुल्ला प्रतियोगिता अन्तर्गत लिखित परीक्षा दिनुपर्नेका हकमा अन्तर्वार्ताभन्दा पहिले परिच्छेद २.२ (छ) अनुसारका प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

(झ) तोकिएको मितिमा अन्तर्वार्तामा सहभागी नहुने उम्मेदवारका लागि अर्को व्यवस्था हुनेछैन ।

(ञ) शिक्षक पदपूर्तिका लागि सेवा आयोगबाट लिइने आवेदन फारामहरू अनुसूची ११ बमोजिम हुनेछन् ।

२.३ **शैक्षिक र अनुभवसम्बन्धी न्यूनतम योग्यता अनुसूची ९ बमोजिम हुनेछ ।**

## परिच्छेद-३
## प्रतियोगिताका प्रकार, अनुपात र पदपूर्ति

**३.१** सेवा आयोगले देहायमा उल्लिखित प्रतियोगिताका आधारमा शिक्षक पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ ।

***अ) खुल्ला प्रतियोगिता**

१. खुल्ला प्रतियोगिताका लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका नेपाली नागरिकलाई सेवा आयोगले प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, तथा प्रशिक्षकपदको खुल्ला प्रतियोगितामा सम्मिलित गराउनेछ

२. उपप्राध्यापक तथा प्रशिक्षकपदको खुल्ला प्रतियोगिता समावेशी आधारमा गरिनेछ । यस व्यवस्था अनुसार ने.सं.वि.सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५% पद सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा र ४५% पद महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेदवारबीच प्रतिस्पर्धा गराउन समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिनेछ । यसरी समावेशी बनाउन छुट्याइएको ४५% पदलाई शतप्रतिशत मानी देहायअनुसार पदपूर्ति गरिनेछ-

| | | |
|---|---|---|
| क) | महिला | ३३% |
| ख) | आदिवासी/जनजाति | २७% |
| ग) | मधेसी | २२% |
| घ) | दलित | ९% |
| ङ) | अपाङ्ग | ५% |
| च) | पिछडिएको क्षेत्र | ४% |

३. माथि उल्लिखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग अनुरूप नै अनुसूची १ अनुसार हुनेछ ।

**(आ) आन्तरिक प्रतियोगिता**

*१. स्थायी सेवा अवधि गणना गर्दा वेतलवी विदा लिएको अवधि, गएल भएको अवधि र विश्वविद्यालय वाहिर वेतलवी काजमा गई काम गरेको अवधि घटाई पदोन्नति हुने पदको एक तह मुनिको पदमा तोकिएको अवधि पूरा भएको अवस्थामा मात्र आन्तरिक प्रतियोगितामा भाग लिन पाउने छन ।

*२. आन्तरिक प्रतियोगिताका लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालयको स्थायी सेवामा रहेका शिक्षकलाई मात्र आफू कार्यरत रहेको पदभन्दा एक तह माथिको पदमा सेवा आयोगले प्राध्यापक, सह-प्राध्यापक र वरिष्ठ-प्रशिक्षक पदको आन्तरिक प्रतियोगितामा सम्मिलित गराउनेछ ।

**(इ) शिक्षकको पदोन्नतिका लागि विशेष व्यवस्था**

ने.सं.वि. शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियमको दफा ११९ मा उल्लिखित व्यवस्था सह-प्राध्यापकको पदोन्नतिका लागि मात्र हुनेछ ।

**(ई) विभिन्न प्रतियोगितासम्बन्धी व्यवस्था**

**स्थायी सेवामा पदपूर्ति गर्न निम्नलिखित आधारमा प्रतियोगिता गराइनेछ–**

*(क) प्राध्यापक र सहप्राध्यापक पदका लागि खुल्ला प्रतियोगिताको अन्तर्वार्ताबाट २०% र बाँकी ८०% स्थायी सेवामा रहेकाहरूमध्ये आन्तरिक प्रतियोगिताको अन्तर्वार्ताबाट गरिनेछ । तर २ (दुई) भन्दा कम पद रिक्त भएमा रिक्त भएका सबै पदहरू आन्तरिक प्रतियोगिताको अन्तर्वार्ताबाट पूरा गरिनेछन् ।

(ख) उपप्राध्यापक र प्रशिक्षक पदको पूर्ति खुल्ला प्रतियोगिताको लिखित र अन्तर्वार्ताद्वारा गरिनेछ ।

*(ग) आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति (Lisence) आवश्यक पर्ने भएमा वा आफ्ना पेशा व्यवसाय संग सम्वन्धित काउन्सिलमा दर्ता गर्नुपर्ने भएमा सो को अनुमति पत्र र दर्ता प्रमाणपत्र संलग्न हुनुपर्नेछ ।

**३.२ उम्मेदवार हुन नपाउने व्यवस्था-** देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन-

अ) भविष्यमा सरकारी सेवाको वा विश्वविद्यालय सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।

आ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

इ) गैरनेपाली नागरिक ।

*ई) उमेरको हदभित्र नभएको व्यक्तिः- यस प्रयोजनका निमित्त उमेरको हद भन्नाले प्रशिक्षक र उपप्राध्यापक पदको विज्ञापन प्रकाशित भएको मितिले ३५ दिन सम्म २१ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको व्यक्ति तर तोकिएको अवधि भित्र ने.सं.वि.को स्थायी, अस्थायी वा करार सेवामा बहालवाला व्यक्तिलाई उमेरको हद लाग्नेछैन ।

उ) देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि आन्तरिक प्रतियोगितामा सामेल हुन पाउने छैन-

क) निलम्बन भएकोमा निलम्बन अवधिभर ।

ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

ग) ग्रेड वृद्धि रोक्का भएको भए सो भएको मितिले १ वर्षसम्म ।

घ) हालको पदमा ३ पटक सम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले १ वर्षसम्म ।

## परिच्छेद-४

## सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

४.१ शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन अनुसूची २ देखि ८ मा भएको व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ-

*क) खुल्ला प्रतियोगिता अन्तर्गत प्राध्यापक/सहप्राध्यापक र लिखित परीक्षाबाट उत्तीर्ण भएका उपप्राध्यापक/प्रशिक्षकपदको अन्तर्वार्ताका लागि छनौट भएका देहायका पदमा नियुक्तिको सिफारिसका लागि निर्धारित पूर्णाङ्क-

| क्र.सं. | आधार | प्राध्यापक/सहप्राध्यापक | उपप्राध्यापक | प्रशिक्षक |
|---|---|---|---|---|
| १. | शैक्षिक योग्यता | ८० | ७० | ७० |
| २. | अनुसन्धान तथा कृति प्रकाशन | ८० | २२ | - |
| ३. | शिक्षण सेवा अनुभव | २० | ८ | ५ |
| ४. | तलिम | - | - | ५ |
| ५. | लिखित परीक्षा | - | २०० | २०० |
| ६. | अन्तर्वार्ता | २० | ३० | २० |
| जम्मा | | २०० | ३३० | ३०० |

*ख) आन्तरिक प्रतियोगिताअन्तर्गत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसका लागि निर्धारित पूर्णाङ्क-

<table>
<tr><th>क्र.सं</th><th>आधार</th><th>प्राध्यापक</th><th colspan="2">सहप्राध्यापक</th><th>वरिष्ठ प्रशिक्षक</th></tr>
<tr><td>१.</td><td>शैक्षिक योग्यता</td><td>६०</td><td colspan="2">६५</td><td>७०</td></tr>
<tr><td>२.</td><td>अनुसन्धान तथा कृति प्रकाशन</td><td>३२</td><td colspan="2">२७</td><td>२२</td></tr>
<tr><td>३.</td><td>शिक्षण सेवा अनुभव</td><td>८०</td><td>८०</td><td rowspan="2">८०</td><td rowspan="2">१०</td></tr>
<tr><td>४.</td><td>दुर्गमक्षेत्र सेवा अनुभव</td><td>-</td><td>५</td></tr>
<tr><td>५.</td><td>कार्यसम्पादन-मूल्याङ्कन</td><td>८</td><td colspan="2">८</td><td>८</td></tr>
<tr><td>६.</td><td>लिखित</td><td>-</td><td colspan="2">-</td><td>२००</td></tr>
<tr><td></td><td>अन्तर्वार्ता</td><td>२०</td><td colspan="2">२०</td><td>२०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२००</td><td colspan="2">२००</td><td>३३०</td></tr>
</table>



1.

### ४.२ पूर्णाङ्क विभाजनका सम्बन्धमा अन्य व्यवस्था

शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूको देहायका आधारका सम्बन्धमा पूर्णाङ्क विभाजन देहायबमोजिम हुनेछ-

क) शैक्षिक योग्यताका सम्बन्धमा अनुसूची २ बमोजिम ।

ख) अनुसन्धान तथा कृतिप्रकाशनका सम्बन्धमा अनुसूची ३ बमोजिम ।

ग) नेपाल संस्कृत विश्वविद्यालय शिक्षणसेवा-अवधि (कार्य-अनुभव) र दुर्गम क्षेत्र सेवा अनुभव समेतका सम्बन्धमा अनुसूची ४ बमोजिम ।

घ) तालिमका सम्बन्धमा अनुसूची ५ बमोजिम ।

ङ) लिखित-परीक्षा सम्बन्धमा अनुसूची ६ बमोजिम ।

च) कार्यसम्पादन-मूल्याङ्कन सम्बन्धमा अनुसूची ७ बमोजिम ।

छ) अन्तर्वार्ता सम्बन्धमा अनुसूची ८ बमोजिम ।

## परिच्छेद-५
## सिफारिस

### ५.१ योग्यताक्रमको सूची तथा सिफारिससम्बन्धी व्यवस्था

क) उम्मेदवारहरूले विभिन्न आधार शीर्षकमा प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यतासूची तयार गरिने र तोकिएको दरबन्दीका आधारमा नतिजा प्रकाशन गरिनेछ, तर सेवा आयोगबाट अन्तिम नतिजा प्रकाशनार्थ योग्यताक्रम सूची तयार पार्दा प्राध्यापक र सहप्राध्यापक पदको आन्तरिक प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूका लागि निर्धारित पूर्णाङ्क २०० मा प्राध्यापक पदमा ९०% (१८०) वा सोभन्दा बढी र सहप्राध्यापक पदमा ८०% (१६०) वा सोभन्दा बढी अङ्क प्राप्त गरेका उम्मेदवारहरू तोकिएको दरबन्दीभित्र समावेश हुन नसक्ने अवस्था देखिएमा दरबन्दी अपुग भए पनि सेवा आयोगले त्यस्ता उम्मेदवारहरूको साबिक पद अभिवृद्धि गरी कार्यरत पदभन्दा एक तह माथिको पदमा नियुक्ति गर्न कार्यकारि-परिषद्समक्ष सिफारिस गर्नेछ । सिफारिसमा परेका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क प्रकाशित गरिनेछ ।

ख) प्राध्यापक र सह-प्राध्यापक पदको आन्तरिक प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूका लागि निर्धारित पूर्णाङ्क २०० मा प्राध्यापक पदमा ७०% (१४०) भन्दा कम र सहप्राध्यापक पदमा ६०% (१२०) भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिनेछैन । त्यस्तै प्राध्यापक र सहप्राध्यापक पदको खुल्ला प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्क २०० मा प्राध्यापक पदमा ७५% (१५०) भन्दा कम र सहप्राध्यापकपदमा ६५% (१३०) भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिनेछैन ।

ग) प्रशिक्षक, वरिष्ठ प्रशिक्षक तथा उपप्राध्यापक पदको अन्तिम नतिजा प्रकाशित गर्दा खुल्लातर्फ समावेशीवर्ग अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रको नतिजा प्रकाशित गरिने छ र त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी/जनजाति र महिला तथा खुल्ला समूहको नतिजा प्रकाशित गरिने र समावेशीतर्फ कुनै एक वर्ग क्षेत्रमा नाम सिफारिस भएपछि अरू वर्ग समूहबाट निजको नाम स्वतः हटाइनेछ ।

घ) समावेशीतर्फ कुनै वर्गबाट उत्तीर्ण आवेदक नभएमा समावेशी वर्गमध्ये निकटतम उपल्लो (**Ascending order**) वर्गको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको छनोट गरिनेछ । यसरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको छनोट गर्दा सो वर्गसमूहका निमित्त छुट्याइएको दरबन्दीमा कुनै असर पर्नेछैन ।

ङ) सिफारिसका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन नसकेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ । आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको एकै समयमा भएको विज्ञापनको अन्तिम नतिजा प्रकाशित गर्दा पहिला आन्तरिक प्रतियोगिता र त्यस पछि खुल्ला प्रतियोगिताको नतिजा प्रकाशित गर्ने व्यवस्था गरिने छ ।

### (च) वैकल्पिक उम्मेदवार सिफारिस गर्ने

१. कुनै पदको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाअनुसार सिफारिसमा पर्ने उम्मेदवारको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका विज्ञापनमा उल्लिखित पदसङ्ख्या मध्ये उपलब्ध भएमा बढीमा २ जनासम्म उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्न सकिनेछ ।

२. वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रमानुसार सिफारिस गरिनेछ ।

अ) सिफारिस गरिएको उम्मेदवारले नियुक्तिपत्र दिने निर्णय भएको एक महिनाभित्र नियुक्ति नलिएमा ।

आ) नियुक्ति बुझेर पनि ३५ दिनभित्र सम्बन्धित विद्यापीठ/निकायमा हाजिर हुन नगएमा ।

इ) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई सिफारिस गरिएको मितिले ६ महिनाभित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा ।

ई) सेवा आयोगले सिफारिस गरेको एक वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिनेछैन।

***(छ)** आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागे प्रत्येक उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्नेछ । यस्तो माग गर्ने व्यक्तिले रु. २,०००।- (दुईहजार) दस्तुर बुझाएको रसिद सहित नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र सेवा आयोगमा निवेदन दिनु पर्नेछ । निवेदन दिएको सामान्यतया १५ दिनभित्र सेवा आयोगले यससम्बन्धी कामको किनारा लगाई सक्नेछ ।

**(ज)** आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सेवा आयोगबाट गरिएको सिफारिस उपर चित्त नबुझेमा सिफारिस गरिएको मितिले २० दिनभित्र ने.सं.वि. शिक्षक तथा कर्मचारी सेवा सर्तसम्बन्धी नियम २०६७ को परिच्छेद १९ को दफा ११० बमोजिम पुनरावेदन आयोगसमक्ष उजुरी गर्नु पूर्व यसै निर्देशिकाको परिच्छेद ५.१(च)२ (छ) को प्रक्रिया पूरा गरिसकेको हुनु पर्नेछ ।

**झ)** आन्तरिक पदोन्नतिका सिलसिलामा कुनै पनि शिक्षकले तह नाघी माथिल्लो पदका लागि आवेदन दिन पाउनेछैन ।

## ५.२ बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूचीसम्बन्धी व्यवस्था

क) खुल्ला प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यतामा प्राप्त गरेको कूल अङ्कका आधारमा योग्यताक्रमसूची निर्धारण गरिनेछ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने प्रतियोगिता भए लिखित परीक्षामा प्राप्त गरेको अङ्कका आधारमा र लिखित परीक्षा नभई अन्तर्वार्तामात्र हुने प्रतियोगिता भए अनुसन्धान तथा कृतिमूल्याङ्कनमा प्राप्त कुल अङ्कका आधारमा योग्यताक्रमसूची निर्धारण गरिनेछ, तर आन्तरिक र विशेष आन्तरिक प्रतियोगिताका उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भए विश्वविद्यालय शिक्षणसेवाको ज्येष्ठताका आधारमा योग्यताक्रमसूची तयार पारिनेछ ।

ख) विश्वविद्यालय शिक्षणसेवाको ज्येष्ठता निम्नलिखित आधारमा निर्धारण गरिनेछ-

१) आवेदित शिक्षक पदभन्दा एक तह मुनिको शिक्षक पदको नियुक्ति मितिको ज्येष्ठता

२) खण्ड (१) बमोजिम ज्येष्ठता नछुट्टिएमा सुरु स्थायी नियुक्ति मिति ।

३) खण्ड (१) र (२) बमोजिम ज्येष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठता ।

# परिच्छेद-६
# विविध

## ६.१ सिफारिस बदर हुने अवस्था

क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिका लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

ख) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

ग) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्तिसमेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था एक महिनाभित्र प्रमाणित हुन आएमा सेवाआयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

घ) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएको कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भइसकेको भए त्यस्तो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

*(ङ) विज्ञापित पदको विभिन्न प्रतियोगितामा आवेदन दिएका आवेदकहरुले उक्त प्रतियोगितामा सफल भएमा विज्ञापनमा तोकिएको निर्दिष्ट स्थानमा गई अनिवार्य रुपमा न्यूनतम ५ वर्ष सेवा गर्नुपर्ने छ ।

*(च) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तर पुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्वन्धी काममा संलग्न भएको विशेषज्ञ शिक्षकको नजिकको नातेदार त्यस्तो परीक्षामा उमेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिश रद्द हुनेछ । नियुक्ति पाइ सकेको भए सो नियुक्ति पत्र समेत कार्यकारि परिषदले रद्द गर्नेछ ।

## ६.२ खारेजी र बचाउ

शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन-मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवम् सिफारिससम्बन्धी निर्देशिका २०६७ (२०७८ सम्मको संशोधन सहित) लागू हुनुपूर्व शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन-मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवम् सिफारिससम्बन्धी निर्देशिका २०६७ अनुसार भएका काम कारबाहीहरू यसै निर्देशिका बमोजिम भए गरेका मानिनेछन् ।

## ६.३ व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्था

क) शिक्षक नियुक्ति सिफारिससम्बन्धी निर्देशिका (कार्यविधि)२०६७' (२०७८ फागुन ८ सम्मको संशोधन सहित) मा स्पष्ट उल्लेख भएको व्यवस्थाबाहेक अन्यका हकमा सेवा आयोगले निर्णय गरेबमोजिम हुनेछ ।

ख) शिक्षक नियुक्ति सिफारिससम्बन्धी निर्देशिका (कायविधि)२०६७' (२०७८ फागुन ८ सम्मको संशोधन सहित) को अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

# अनुसूची-१
## (परिच्छेद ३ सँग सम्वद्ध)

**समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ ।**

### १. पिछडिएको क्षेत्रका हकमा-

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्रसमूहबाट आवेदन दिनेहरूले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरिएको पत्र दरखास्त साथ पेस गर्नुपर्नेछ ।

### २. अपाङ्गका हकमा-

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरिएको आधार दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

### ३. दलितका हकमा-

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ ।

### ४. मधेसीका हकमा-

मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ ।

### ५. आदिवासी/जनजातिका हकमा -

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नुपर्नेछ ।

## अनुसूची-२
## शैक्षिक योग्यताको अङ्कविभाजन र अन्य व्यवस्था

### २.१ खुल्ला प्रतियोगिताको प्रयोजनार्थ

(क) प्राध्यापक र सहप्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ८० (असी) को विभाजन यसै अनुसूचीको २.३ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ ।

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.ई.ई. वा सोसरह) | ५ | ४.५ | ४ |
| उत्तरमध्यमा वा सोसरह | १० | ९.५ | ९ |
| शास्त्री वा सोसरह | १५ | १४.५ | १४ |
| आचार्य वा सोसरह | २० | १६ | - |
| एम.फिल्., | CGPA -A वा सो सरह (A र A-) ४ | CGPA-B वा सो सरह (B र B-) ३ | CGPA-CA वा सो सरह (C ) २ |
| अतिरिक्त आचार्य वा सो सरह | २ | १ | - |
| विद्यावारिधि | ३० | | |
| जम्मा | ८० | ४८.५ | २९ |

(ख) उपप्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ७० (सत्तरी) को विभाजन यसै अनुसूचीको २.३ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ -

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.ई.इ. वा सोसरह) | ४ | ३ | २ |
| उत्तरमध्यमा वा सोसरह | ८ | ६ | ४ |
| शास्त्री वा सोसरह | १३ | १० | ७ |
| आचार्य वा सोसरह | २० | १६ | - |
| एम.फिल्., | CGPA -A वा सो सरह (A र A-) ४ | CGPA-B वा सो सरह ( B र B-) ३ | CGPA-CA वा सो सरह ( C ) २ |
| अतिरिक्त आचार्य वा सो सरह | २ | १ | |
| विद्यावारिधि | २५ | - | - |
| जम्मा | ७० | ३९ | १५ |

(ग) आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तोकिएको प्रशिक्षक पदका लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) को विभाजन यसै अनुसूचीको २.३ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ ।

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सोसरह | १० | ७ | ४ |
| उत्तरमध्यमा वा सोसरह | १८ | १४ | १० |
| शास्त्री वा सोसरह | ३० | २५ | २० |
| अतिरिक्त उपाधि स्नातकोत्तर वा पोस्टग्राजुएट डिप्लोमा वा सोभन्दा माथि सम्बन्धित विषयको | १२ | ११ | १० |
| जम्मा | ७० | ५७ | ४४ |

## २.२ आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ

क) प्राध्यापक र सहप्राध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ६० र ६५ को विभाजन यसै अनुसूचीको २.३ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ-

| शैक्षिक योग्यता | प्राध्यापक | सहप्राध्यापक | प्राध्यापक | सहप्राध्यापक | प्राध्यापक | सहप्राध्यापक |
|---|---|---|---|---|---|---|
| | प्रथम श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | तृतीय श्रेणी |
| प्रवेशिका परीक्षा (एस.ई.ई.) वा सोसरह | ३ | ५ | २.५ | ४.५ | २ | ४ |
| उत्तरमध्यमा वा सोसरह | ७ | ८ | ६.५ | ७.५ | ६ | ७ |
| शास्त्री वा सोसरह | १३ | १५ | १२.५ | १४.५ | १२ | १४ |
| आचार्य वा सोसरह | २५ | | २१ | | - | |
| एम.फिल. | CGPA -A वा सो सरह (A र A-) ४ | | CGPA-B वा सो सरह (B र B-) अङ्क ३ | | CGPA-CA वा सो सरह (C ) २ | |
| अतिरिक्त उपाधि आचार्य वा सो सरह | २ | | १ | | - | |
| विद्यावारिधि | १२ | | - | | - | - |
| **जम्मा** | **६०** | **६५** | **४६.५** | **४७.५** | **२२** | **२५** |

*(ख) वरिष्ठ प्रशिक्षक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ७० (सत्तरी) को विभाजन यसै अनुसूचीको २.३ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम हुनेछ -

| शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.ई.इ. वा सोसरह) | ४ | ३ | २ |
| उत्तरमध्यमा वा सोसरह | ८ | ६ | ४ |
| शास्त्री वा सोसरह | १३ | १० | ७ |
| आचार्य वा सोसरह | २० | १६ | - |
| एम.फिल्., | CGPA -A वा सो सरह (A र A-) ४ | CGPA-B वा सो सरह ( B र B-) ३ | CGPA-CA वा सो सरह ( C ) २ |
| अतिरिक्त आचार्य वा सो सरह | २ | १ | |
| विद्यावारिधि | २५ | - | - |
| जम्मा | ७० | ३९ | १५ |

## २.३ शैक्षिक योग्यताका सम्बन्धमा अन्य व्यवस्था

क) शिक्षक पदमा सुरु नियुक्ति हुने उम्मेदवारले आ ्नो सम्पूर्ण शैक्षिक योग्यताका लागि यसै अनुसूचीमा उल्लेख भएबमोजिम अङ्क पाउनेछ ।

ख) आवेदित पदका लागि सम्बन्धित विषयको विद्यावारिधि, एम.फिल. र अतिरिक्त आचार्य वा सो सरह तिनओटै उपाधि हासिल गरेका उम्मेदवारहरूले विद्यावारिधि उपाधिको मात्र अङ्क पाउनेछन् तर एम.फिल. वा अतिरिक्त आचार्य र सो सरह वा विद्यावारिधिमध्ये कुनै एकमात्र उपाधि हासिल गरेको भए जुन उपाधि हासिल गरेको छ त्यसका लागि अनुसूचीमा तोकिए अनुसार अङ्क दिइनेछ । CGPA_C भन्दा तलको CGPA लाई अङ्क प्रदान गरिनेछैन । एम.फिल. र अतिरिक्त आचार्य वा सो सरह उपाधि हासिल गरेको छ भने अनुसूचीमा उल्लेख भए अनुसार एम.फिल. उपाधिको मात्र अङ्क दिइने छ ।

ग) कम्पार्टमेन्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिका लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

घ) एक वा एकभन्दा बढी तह नाघी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारका लागि बीचका तहहरूको द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

ङ) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

*च) विज्ञापन प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरूको लागि अङ्क दिइने छैन ।

छ) नेपाल संस्कृत विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी वा ग्रेड समेत खुलेको) लाई विश्वविद्यालयबाट मान्यता दिइएको समकक्षताको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । अन्यथा आवेदन फाराम स्वीकृत गरिने छैन ।

ज) अतिरिक्त आचार्य वा सो सरहको उपाधिको हकमा कुनै एक उपाधिको मात्र अनुसूचीमा उल्लेख भए अनुसार अङ्क प्रदान गरिने छ ।

झ) विद्यावारिधि गर्नेहरुको हकमा जुन विषयको पदमा पदोन्नतिका लागि आवेदन दिने हो सोही विषयमा शोधपत्र लेखी विद्यावारिधि गरेको अवस्थामा मात्र अंक प्रदान गरिने छ । *कुनै पनि भाषा साहित्य विषयमा विद्यावारिधि गर्नेहरुको हकमा जुन भाषा साहित्यका पदहरुका लागि आवेदन दिने हो सोही भाषामा शोधपत्र लेखी विद्यावारिधि गरेको अवस्थामा मात्र अंक प्रदान गरिने छ ।

*(ञ) उमेदवारले हासिल गरेको विद्यावारिधिको उपाधि अध्यापन र आवेदित विषय संग सम्वन्धित भए नभएको सम्वन्धमा स्पष्ट गर्न पर्ने भएमा सेवा आयोगले सम्वन्धित विषय विज्ञको समिति गठन गरी सो को सिफारिश बमोजिम गर्नेछ ।

## अनुसूची-३

### अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

**३.१** विभिन्न पदको निर्धारित अनुसन्धान तथा कृति प्रकाशन पूर्णाङ्क विभाजन यसै अनुसूचीको ३.२ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहायबमोजिम विभाजन हुनेछ-

**क) खुल्ला प्रतियोगिताका लागि**

| पद | सम्बन्धित विषयको पाठ्यपुस्तक | | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भग्रन्थ | | सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन | | विद्यावारिधि शोध निर्देशन | | स्नातकोत्तर तहको शोध निर्देशन | | प्रकाशित लेख: अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेख | | प्रकाशित लेख: विषयगत अनुसन्धानात्मक लेख | | प्रकाशित लेख: विषयगत साधारण लेख | | अधिकतम अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | |
| प्राध्यापक | ३ | ६ | ६ | २४ | ३ | १२ | ५ | १० | १ | ५ | ३ | १२ | २.५ | २५ | १ | ५ | ८० |
| सहप्राध्यापक | ५ | १० | ६ | १८ | ५ | १५ | ५ | १० | १ | ५ | ३ | ६ | ३ | ३० | १ | ८ | ८० |
| उपप्राध्यापक | ५ | ५ | ६ | ६ | ५ | ५ | - | - | १ | ५ | - | - | ३.५ | १०.५ | १ | ४ | २२ |
| प्रशिक्षक | ५ | ५ | ४ | ४ | - | - | - | - | - | - | - | - | ३ | ६ | १ | ५ | १२ |

**ख) आन्तरिक प्रतियोगिताका लागि**

| पद | सम्बन्धित विषयको पाठ्य पुस्तक | | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ, अनुवाद ग्रन्थ वा ग्रन्थ सम्पादन समेत | | सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन | | विद्यावारिधि शोध निर्देशन | | स्नातकोत्तर तहको शोध निर्देशन | | प्रकाशितलेख: अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | | प्रकाशितलेख: विषयगत अनुसन्धानात्मक लेख | | प्रकाशितलेख: विषयगत साधारण लेख | | अधिकतम अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | |
| प्राध्यापक | २.५ | ५ | ४ | ८ | २.५ | ५ | ५ | १० | १ | ५ | ३ | ६ | २.५ | १२.५ | १ | ४ | ३२ |
| सहप्राध्यापक | ३ | ६ | ४ | ८ | ३ | ६ | ५ | १० | १ | ५ | ३ | ६ | २.५ | ५ | १ | ५ | २७ |
| वरिष्ठ प्रशिक्षक | ५ | ५ | ६ | ६ | ५ | ५ | - | - | १ | ५ | - | - | ३.५ | १०.५ | १ | ४ | २२ |



1.

## ३.२ अनुसन्धान तथा कृति-प्रकाशनसम्बन्धी अन्य व्यवस्था :

*(क) अनुसन्धान तथा कृति-प्रकाशनको अङ्क आन्तरिक प्रतियोगिताका हकमा आवेदित पद भन्दा एक तहमुनिका पदमा रहेका अवस्थामा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि बापत मात्र प्रदान गरिनेछ । खुल्ला प्रतियोगिताका हकमा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिका लागि यो बन्देज लागु हुने छैन तर विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफू कार्यरत रहँदाको पदमा लेखिएका पुस्तक, कृति, लेख, ई-जर्नलमा प्रकाशित लेख र अनुसन्धान कार्य आदि पेस गर्न सक्नेछ । अनुसन्धान तथा कृतिहरुको भाषाका हकमा संस्कृत, नेपाली, अंग्रेजी, आदि भाषा स्वैच्छिक हुनेछन र त्यस्ता कृतिहरु मात्र मूल्याङ्कनमा पर्नेछन् ।

*(ख) राष्ट्रिय स्तरका ई-जनरल भन्नाले विज्ञसमीक्षित अनलाइन जर्नल, जसमा Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal with ISSN Number भनेर स्पष्ट उल्लेख भएको छ त्यस्ता जर्नलमा प्रकाशित लेखलाई मात्र मान्यता दिइने छ । त्यस्तै अन्तराष्ट्रिय विज्ञसमीक्षित ई जर्नलका हकमा Non-Predatory,Peer-reviewed with Impact Factor,DOI (Digital Object Indentifier ) with ISSN Number भनेर उल्लेख भएको जर्नलमा प्रकाशित लेखलाई मात्र मान्यता दिइने छ ।

(ग) समाचारपत्रहरूमा छापिएका लेखहरूको मूल्याङ्कन गरिने छैन ।

(घ) बहुलेखकको वा दुर्लभ ग्रन्थहरूको सम्पादकका नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा उक्त कृतिको पूर्णाङ्कका आधारमा दामासाहीले बराबर अङ्क दिइनेछ । यसको निर्क्योल कृतिमूल्याङ्कन गर्ने विज्ञहरूद्वारा गरिनेछ ।

(ङ) विद्यावारिधि (Ph.D.) को शोधपत्र पुस्तकका रूपमा प्रकाशित भए पनि सो पुस्तकको कुनै अङ्क दिइने छैन ।

(च) अनुसन्धान तथा कृतिमूल्याङ्कन गराउँदा सेवा आयोगले सम्बन्धित विषयका कम्तीमा दुई जना विशेषज्ञहरूबाट मूल्याङ्कन गराउने छ । विशेषज्ञले मूल्याङ्कन गरेपछि आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी सिलबन्दी गरेर बुझाउनु पर्नेछ । सेवा आयोगले आवश्यक सम्झेमा यस व्यवस्थाको सट्टा सम्बन्धित विषयका कम्तीमा दुई जना विशेषज्ञहरू र विषय समितिको अध्यक्षसमेत समावेश भएको कृतिमूल्याङ्कन-समिति गठन गरी सोही समितिबाट अनुसन्धान तथा कृतिमूल्याङ्कन गराउन पनि सक्नेछ ।

(छ) विद्यावारिधि तहको शोधनिर्देशन गरी सो शोधकार्य पूरा भई उपाधि प्रदान गरिएका प्रत्येक शोधनिर्देशनका लागि अनुसूचीमा तोकिए बमोजिमका दरले अङ्क प्रदान गरिनेछ । उपर्युक्त अङ्क आन्तरिक प्रतियोगिताका हकमा आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोधनिर्देशन कार्यबापत मात्र प्रदान गरिनेछ भने खुल्ला प्रतियोगिताका हकमा विश्वविद्यालय सेवाबाहिरका व्यक्तिका लागि यो बन्देज लागु हुने छैन तर विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफू कार्यरत रहेका पदमा गरेको शोधनिर्देशन कार्यबापत मात्र अङ्क प्राप्त गर्नेछ । यसका निमित्त शोधार्थीको नाम, शोधशीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति (वर्ष, महिना र गते) उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेस गर्नु पर्नेछ । आन्तरिक प्रतियोगितामा ने.सं.वि. अनुसन्धान केन्द्रमा नाम दर्ता गरी विद्यावारिधि शोधकार्य गर्ने शोधार्थीहरूको मुख्य शोध निर्देशक भई शोध निर्देशन गरेको भएमा मात्र विद्यावारिधि शोधनिर्देशन वापतको अङ्क प्राप्त गर्न सकिनेछ ।

(ज) आचार्य तहको शोधनिर्देशन गरी सो शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको शोधनिर्देशनका लागि मात्र अनुसूचीमा तोकिए बमोजिमको अङ्क प्रदान गरिनेछ । उपर्युक्त अङ्क आन्तरिक प्रतियोगिताका हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा हुँदा गरेको शोधनिर्देशन कार्यबापत मात्र प्रदान गरिनेछ भने खुल्ला प्रतियोगिताका हकमा विश्वविद्यालय सेवाबाहिरका व्यक्तिका लागि यो बन्देज लागु हुने छैन तर विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफू कार्यरत रहेका पदमा गरेको शोधनिर्देशन कार्यवापत मात्र अङ्क प्राप्त गर्नेछ । यसका निमित्त शोधार्थीको नाम, शोधशीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति (वर्ष, महिना र गते) उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेस गर्नुपर्नेछ । आन्तरिक प्रतियोगितामा ने.सं.वि.का आङ्गिक विद्यापीठहरूमा सम्बन्धित विषयका विद्यार्थीहरूको मुख्य शोधनिर्देशक भई आचार्य वा सो सरह तहको शोधनिर्देशन गरेको भएमा मात्र शोधनिर्देशन वापतको अङ्क प्राप्त गर्न सकिनेछ । तर आंगिक विद्यापीठमा पठनपाठन नहुने विषय भएमा अन्य विश्वविद्यालयका विद्यापीठहरुका विद्यार्थीहरू लाई शोध निर्देशन गरेको प्रमाण पेश गरेमा अंक प्रदान गर्न सकिनेछ ।

*(झ) विज्ञापन प्रकाशन भएको मितिले ३५ दिन पछि प्रकाशन भएका अनुसन्धान तथा कृतिप्रकाशन एवं शोधनिर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

(ञ) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरूले अनुसन्धान बापत छुट्टयाइएको अङ्क निजको कार्यालयको नियमित अनुसन्धान कार्यको अतिरिक्त थप अनुसन्धान कार्य गरेका खण्डमा मात्र आर्जन गर्न सक्नेछन् ।

(ट) आवेदकले आ^ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित पेस गरेको छ, सोही प्रकार अन्तर्गत रहेर मात्र मूल्याङ्कन गरिनेछ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिनेछैन ।

(ठ) आवेदकले कृतिहरूको विवरणको प्रत्येक महलमा उल्लिखित कृति संख्या भन्दा ५०Ü बढी कृतिहरू बुझाउन सक्नेछ । आवेदकले पेस गरेका सबै कृतिहरूको मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लिखित अधिकतम अङ्कमा नबढ्ने गरी अङ्क प्रदान गरिनेछ । तोकिएको संख्याभन्दा बढी बुझाएको पाइएमा क्रममा परेका तोकिएको संख्याका कृतिहरू मात्र मूल्याङ्कनमा पर्नेछन् ।

(ड) जर्नल/पत्रिकाको एक अङ्कबाट एक उम्मेदवारको एकल लेखनको एउटा लेख र संयुक्त लेखनको एउटा लेख मात्र मूल्याङ्कन गरिनेछ ।

(ढ) पाठ्यपुस्तक, सन्दर्भग्रन्थ भन्नाले ने.सं.वि.को शास्त्री तह वा सो सरह भन्दा माथिका शैक्षिक कार्यक्रमका लागि उपयोगी सम्बन्धित विषयका पुस्तक सम्झनु पर्दछ ।

(ण) प्रश्नोत्तरका रूपमा तयार पारिएका वा गाइड जस्ता कुनै पनि पुस्तकको मूल्याङ्कन गरिनेछैन ।

*(त) ISBN नभएका पुस्तक/सबै प्रकारका ग्रन्थ र ISSN नभएको जर्नलको मुल्याङ्कन गरिने छैन ।

(थ) मुल्याङ्कनका लीगि पेश भएका पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरु एवं प्रकाशकको सम्पर्क गर्न नमिल्ने ठेगाना उल्लेख नभएका पुस्तकहरु मूल्याङ्कनमा पर्ने छैनन् ।

(द) अनुसन्धान-प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान-प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरणसहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान-प्रतिवेदनमा संलग्न भएको हुनुपर्नेछ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान-प्रतिवेदनको मूल्याङ्कन गरिनेछैन ।

(ध) आवेदकले आवेदन फाराम साथै पेस गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तपसिलबमोजिमको ढाँचामा उल्लेख गरी पेस गर्नुपर्नेछ । आवेदकले पेस गरेको अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची अन्तर्वार्ताको सूचना प्रकाशित गरेपछि सबैको जानकारीका लागि सेवा आयोगको सूचनापाटीमा टाँस गरिनेछ ।

**(न) सम्बन्धित विषयको पाठ्यपुस्तक अङ्कन गरिने न्यूनतम आधार**

(१) पाठ्यक्रममा उल्लिखित विषयवस्तुको ढकाइ (Cover) (२) विषयवस्तुको गहिराइ
(३) तहअनुरूप विषयवस्तुको प्रस्तुतीकरण (४) भाषा
(५) आवश्यक चार्ट, चित्र, तालिका

**(प) सम्बन्धित विषयको अनुसन्धानात्मक/सन्दर्भ ग्रन्थ, अनुवाद र ग्रन्थ सम्पादन अङ्कन गरिने न्यूनतम आधार**

(१) मौलिक खोजी वा अनुसन्धानमा आधारित (२) सम्बन्धित विषयलाई योगदान पुग्ने
(३) विषयवस्तुको गहिराइ (४) भाषा र प्रस्तुतीकरण
(५) आवश्यक चार्ट, चित्र, तालिका

**स्पष्टीकरण:**
कुनै निश्चित पाठ्यक्रममा मात्र आधारित भएर लेखिएका पुस्तकहरूको यस अन्तर्गत मूल्याङ्कन गरिने छैन । अनूदित र सम्पादित कृतिको मूल्याङ्कन गर्दा अनुसन्धानात्मक र विश्लेषणपूर्ण टिप्पणीलाई मात्र आधार बनाइनेछ ।

**(फ) विषयगत अनुसन्धानात्मक प्रतिवेदन अङ्कन गरिने न्यूनतम आधार**

(१) विषयसँग सम्बन्धित (२) उद्देश्यअनुरूप विषयवस्तुको सङ्गठन र प्रस्तुतीकरण
(३) अनुसन्धानविधिको स्पष्टता (४) विश्लेषण र विवेचनाको गहनता
(५) निष्कर्ष वा प्राप्तिहरूमा आधारित सुझाव ।

**(ब) अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख तथा विषयगत अनुसन्धानात्मक लेख अङ्कन गर्ने न्यूनतम आधार**

(१) शीर्षक र विषयको सम्बन्ध (२) उद्देश्यअनुरूपको विषयवस्तुको संगठन र प्रस्तुतीकरण
(३) अनुसन्धानविधिको प्रयोग (४) विश्लेषण (५) मौलिकता

**स्पष्टीकरण:** नेपालभित्र छापिएको वा प्रकाशित भएको कुनै पनि जर्नल अन्तराष्ट्रिय जर्नलका रुपमा गणना गरिने छैन । नेपालबाहिरवाट प्रकाशित जर्नलका सम्वन्धमा सम्वन्धित विषयका विशेषज्ञहरु निर्धारण गरे बमोजिम हुनेछ र उक्त जर्नलको मूल्यांकन कृतिमूल्यांकन गर्ने विज्ञहरु वाटै गराइनेछ ।

**(भ) साधारण लेख अङ्कन गर्ने न्यूनतम आधार**

(१) शीर्षक र विषयवस्तुको सम्बन्ध (२) प्रस्तुतीकरण (३) मौलिकता

**स्पष्टीकरण:-:** अनुसन्धानात्मक लेखलाई आवेदकले साधारण लेखका रूपमा पेस गरेमा उक्त लेखलाई साधारण लेखका रूपमा मूल्याङ्कन गरिने छ । सम्बद्ध विषयको पुस्तक समीक्षालाई पनि साधारण लेखका रूपमा मूल्याङ्कन गर्न सकिने छ ।

## आवेदन फारामका साथ बुझाउनुपर्ने अनुसन्धानात्मक र अन्य कृतिहरूको सूचीको ढाँचा

आवेदित पद- विज्ञापन नं-

आवेदकको नाम- विषय-

### क. पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन ।

| क.स | पुस्तकको नाम | प्रकार (पाठ्यपुस्तक वा अनुवाद, सम्पादित सन्दर्भग्रन्थ,पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन) | प्रकाशकको नाम | प्रकाशन वर्ष | लेखन (एकल वा संयुक्त) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

### ख. लेखहरू

| क.स | लेखको शीर्षक | प्रकार (सम्बन्धित विषयको अनुसन्धान प्रतिवेदन, अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख विषयगत अनुसन्धानात्मक लेख वा विषयगत साधारण लेख) | पत्रिकाको नाम, वर्ष र अङ्क | प्रकाशकको नाम | प्रकाशन वर्ष | लेखन (एकल वा संयुक्त) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

### ग. शोध निर्देशन

| क.स | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | तह (आचार्य वा विद्यावारिधि) | शोधपत्र पूरा गरेको मिति (वर्ष, महिना र गते) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

............................

आवेदकको हस्ताक्षर

## अनुसूची-४

### शिक्षण सेवा अनुभवबापतको अङ्क

**४.१ आन्तरिक प्रतियोगिताका लागि**

शिक्षण सेवा अनुभवबापतको निर्धारित पूर्णाङ्कको विभाजन यसै अनुसूचीको ४.२ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहाय बमोजिम हुनेछ -

| पद | आवेदित पदभन्दा एक तहमुनि काम गरे बापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | साबिक पदभन्दा तल्ला पदहरूमा काम गरे बापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | दुर्गम क्षेत्रमा रही कामगरेबापत प्रतिवर्ष आर्जन गर्ने अङ्क | प्राप्त गर्न सकिने अधिकतम अङ्क |
|---|---|---|---|---|
| प्राध्यापक | ४ | ३ | - | ८० |
| सहप्राध्यापक | ४ | ३ | १ | ८० |
| वरिष्ठ प्रशिक्षक | २ | - | - | १० |

**४.२ आन्तरिक प्रतियोगिताका लागि शिक्षण सेवा अनुभवसम्बन्धमा थप अन्य व्यवस्था:**

(क) सेवा-अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा एक वर्षभन्दा घटी अवधिका लागि अङ्क दिइनेछैन । सेवा अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई जोडिनेछ । यसरी जोड्दा उम्मेदवार आफू बहाल रहेको पद र सोभन्दा तल्ला पदहरूमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महिना काम गरेको देखिन्छ, सोही पदको अङ्क दिइने छ ।

(ख) बेतलवी बिदा बसेको वा गएल भएको अवधि वा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएको शिक्षकको हकमा यस तालिका अन्तर्गत अङ्क दिने प्रयोजनका लागि मात्र सो काज वा बिदाको अवधि गणना गरिनेछैन तर विश्वविद्यालयको पूर्वस्वीकृतिमा विश्वविद्यालयको सम्बन्धनप्राप्त विद्यापीठ (क्याम्पस) मा बेतलवी काज वा बेतलबी बिदामा काम गरेको सेवा-अवधिको अङ्कगणना गर्न रोक लगाएको मानिनेछैन ।

(ग) नोकरीवर्ष गणना गर्दा नेपाल संस्कृत विश्वविद्यालयमा स्थायी, अस्थायी वा अटुट रूपमा गरेको करार सेवा (पूर्णकालिक कोर्स करार सेवा समेत) अवधि गणना गरिनेछ । विश्वविद्यालयले खटाएको वा विश्वविद्यालयको पूर्व स्वीकृति लिई अन्य मान्यताप्राप्त विश्वविद्यालयमा गरेको अध्ययन/अनुसन्धान अवधिको पनि गणना गरिनेछ ।

(घ) (१) उपप्राध्यापक पद र सोभन्दा माथिका शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा विश्वविद्यालयमा करार (पूर्णकालिक कोर्स करार समेत), अस्थायी वा स्थायी सहायक प्राध्यापक पदमा रही गरेको शिक्षण-अनुभव देखि अङ्क दिइनेछ ।

(२) आन्तरिक प्रतियोगिता अन्तर्गत सह-प्राध्यापक पदका लागि नेपाल सरकारद्वारा तोकिएको 'क' वर्गका जिल्लाहरू ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, रुकुम, रोल्पा, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, बाजुरा, हुम्ला, बझाङ, र दार्चुलाका क्षेत्रहरूमा सेवा गरेबापत थप वार्षिक एक अङ्कका दरले बढीमा ५ अङ्क प्राप्त हुनेछ । तर दुवै को जोड अंक पूर्णाङ्क भन्दा बढी हुने छैन ।

(३) सेवा अनुभवको अङ्क प्रदान गर्ने सन्दर्भमा सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा एक वर्षभन्दा घटी अवधिका लागि अङ्क दिइनेछैन । नोकरी अवधिको गणना गर्दा अटुटरूपमा गरेको अवधिलाई जोडिनेछ । सेवा आयोगबाट प्रकाशित विज्ञापन वा सूचना अनुसार आवेदन दिने अन्तिम मितिसम्मको अवधिलाई मात्र गणना गरिनेछ । दोब्बर दस्तुर तिरेर फाराम भर्ने म्याद थप गरिएको अवधि तथा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको भए पनि सो थप गरिएको आधारमा उमेर, शैक्षिक योग्यता, अनुभव वा सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिनेछैन ।

*(४) प्रशिक्षक र सहायक प्राध्यापकभन्दा तलका शैक्षिक पदहरूमा रही शिक्षण कार्य गर्ने विश्वविद्यालयका शिक्षकहरूका हकमा उपप्राध्यापक पद र सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सम्बद्ध विषयमा आचार्य वा सोसरहको तह उत्तीर्ण गरेपछि गरेको शिक्षण अनुभवदेखि मात्र अङ्क दिइनेछ ।

(५) विश्वविद्यालयको अन्य सेवामा स्थायी भई विश्वविद्यालयको पूर्वस्वीकृति लिएर शिक्षण काजमा रही कार्यरत शिक्षकहरूका हकमा उपप्राध्यापक पद वा सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सम्बन्धित विषयमा आचार्य वा सो सरह तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरी शिक्षण काजमा सरुवा भएपछि गरेको शिक्षण अनुभवको अङ्क दिइनेछ ।

(ङ) (१) विद्यावारिधि/उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिएअनुसारको अध्ययन पूरा नगरी फर्कने विश्वविद्यालयका शिक्षकहरूले सेवा आयोगबाट प्रकाशित विज्ञापनमा पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधिको शिक्षण सेवा अनुभवबापतको अङ्क दिने प्रयोजनका लागिमात्र सो अध्ययन बिदाको अवधि गणना गरिनेछैन ।

(२) माथि ङ (१) को कार्यान्वयनका सन्दर्भमा आवेदन फाराम बुझाउने समयसम्म अध्ययन पूरा नभए पनि अन्तर्वार्ताको दिनभन्दा अगाडिसम्म अध्ययन पूरा गरी उपाधि प्राप्त गरेको वा परीक्षा उत्तीर्ण गरेको प्रमाण पेस गरेमा बन्देज (अध्ययन बिदा अवधिको सेवा शिक्षण सेवा अनुभव बापतको अङ्क दिन लगाइएको बन्देज) हटाइनेछ, तर आवेदन फाराम बुझाउने समयसम्म पूरा नभएको शैक्षिक उपाधिको अङ्क भने दिइनेछैन ।

(३) देहायबमोजिमको अवस्थामा भने यो बन्देज (अध्ययन बिदा अवधिको शिक्षण सेवा अनुभव बापतको अङ्क दिन लगाइएको बन्देज) लागु हुनेछैन ।

(क) स्वीकृत अध्ययन बिदा समाप्त भइनसकेका अवस्थामा

(ख) विद्यावारिधि शोधार्थीहरूका हकमा बाह्य विशेषज्ञको मूल्याङ्कनार्थ पठाउने अवस्थाको Hard Binding शोधपत्र बुझाई मौखिक परीक्षा मात्र हुन बाँकी रहेको अवस्थामा ।

### ४.३ खुल्ला प्रतियोगिताका लागि

खुल्ला प्रतियोगिता अन्तर्गत प्रत्येक शिक्षक पदका लागि कार्य अनुभव गणना गर्दा सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर तहको उपाधि प्राप्त गरी ने.सं.वि. का आङ्गिक विद्यापीठहरूमा वा मान्यताप्राप्त विश्वविद्यालयका विद्यापीठहरू (क्याम्पस) मा स्थायी, अस्थायी वा करार सेवा (पूर्णकालिक कोर्स करार सेवा समेत) मा रही सम्बन्धित विषयमा प्राध्यापन गरे बापत प्रत्येक पदका लागि निर्धारित अङ्कभन्दा नबढ्ने गरी प्रतिवर्ष १ अङ्कको दरले अङ्क दिइनेछ । विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा निजलाई यही व्यवस्था अनुरूपका दरले अङ्क दिइनेछ ।

## अनुसूची-५

### तालिमबापत प्राप्त हुने अङ्क

### ५.१ तालिम अवधि र प्राप्त हुने अङ्क

विभिन्न पदका निमित्त तालिमबापत निर्धारित अङ्कको विभाजन तोकिएको पूर्णाङ्कमा नबढ्ने गरी र यसै अनुसूची ५.२ को अन्य व्यवस्थाका अधीनमा रहने गरी देहाय बमोजिम हुनेछ :

| शिक्षणप्रविधि (पेडागोजिकल) वा विषयसित सम्बन्धित तालिम अवधि | प्रशिक्षक (खुल्ला) |
|---|---|
| छ महिना वा सोभन्दा बढी अवधिको तालिम | ५ |
| तीन महिना वा सोभन्दा बढी तर छ महिनाभन्दा कम अवधिको तालिम | ३ |
| एक महिना वा सोभन्दा बढी तर तीन महिनाभन्दा कम अवधिको तालिम | २ |

### ५.२ तालिमसम्बन्धी थप अन्य व्यवस्था

क) उपर्युक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिका पदमा रही लिएको तालिमबापत मात्र दिइनेछ ।

ख) एक वा एकभन्दा बढी तालिमको अङ्क गणना गर्न सकिनेछ तर जम्मा प्राप्ताङ्क तालिमबापत पाउने पूर्णाङ्क भन्दा बढी पाउनेछैन ।

ग) स्वदेश वा विदेशमा लिइएको तालिमलाई समान अङ्क दिइनेछ ।

घ) तालिमको श्रेणी (Division) का आधारमा अङ्क भेदभाव गरिनेछैन ।

*ङ) विश्वविद्यालयद्वारा मान्यताप्राप्त संस्थाबाट र कुनैपनि विश्वविद्यालयको पूर्व स्वीकृति लिई लिइएको तालिमका लागि मात्र अङ्क प्रदान गरिनेछ ।



1.

# अनुसूची-६

## लिखित परीक्षा

६.१ खुल्ला प्रतियोगिताका माध्यमद्वारा प्राध्यापक र सह-प्राध्यापकभन्दा मुनिका शिक्षक पदहरूमा नियुक्तिका लागि सिफारिस गर्न लिखित परीक्षा लिइनेछ ।

*६.२ लिखित परीक्षा हुने विभिन्न विषयका उपप्राध्यापक(खुल्ला) वरिष्ठ प्रशिक्षक(आन्तरिक) र प्रशिक्षक(खुल्ला) पदहरूका उम्मेदवारहरूको लिखित परीक्षाको पूर्णाङ्क २०० निर्धारण गरिएको छ । लिखित परीक्षाको समय प्रथमपत्र ३ घण्टा र द्वितीयपत्र ३ घण्टाको हुनेछ । पाठ्यक्रम यस प्रकार तोकेको छ ।

**पथमपत्रः- विषयगत तथा तहगत ज्ञान परीक्षण** **पूर्णाङ्कः - १००**
**समयः - ३ घण्टा**

| क.सं. | विवरण | उपप्राध्यापक/वरिष्ठ प्रशिक्षक पदका लागि | | | प्रशिक्षक पदका लागि | | | विस्तृतीकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | |
| क | सम्वन्धित विषयको आधारभूत ज्ञान | २ | १० | २० | २ | १० | २० | विषयगत सामान्यज्ञान समेट्ने दुइवटा प्रश्नहरु । |
| ख | विषयगत सैद्धान्तिक ज्ञान | २ | १० | २० | ४ | १० | ४० | उपप्राध्यापक पदका लागि विषयगत सिद्धान्त, मान्यता र चिन्तनसंग सम्वन्धित दुइवटा प्रश्न र मुख्य प्रशिक्षक एवं प्रशिक्षक पदका लागि चारवटा प्रश्नहरु । |
| ग | शास्त्री वा सोसरहको विश्लेषणत्मक ज्ञान | २ | १० | २० | ३ | १० | ३० | उपप्राध्यापक पदका लागि शास्त्री वा सोसरहको तहगत ज्ञान संग सम्वन्धित विश्लेषणात्मक पकृतिका दुईवटा प्रश्न र मुख्य प्रशिक्षक एवं प्रशिक्षक पदका लागि सोही अनुरुपका तीन वटा प्रश्नहरु । |
| घ | विषयगत समस्या र समाधान | १ | १० | १० | १ | १० | १० | आफ्नो विषय संग सम्वन्धित कुनै एउटा प्राज्ञिक जिज्ञासा,घटना,मुद्दा वा चुनौती दिएर सोको समाधानका लागि मौलिक एवं सृजनात्मक उपाय प्रस्तुत गर्नुपर्ने खालको एउटा प्रश्न । |
| ङ | आचार्य वा सोसरहको विश्लेषणात्मक ज्ञान | ३ | १० | ३० | - | - | - | आचार्य वा सोसरहको तहगत ज्ञान संग सम्वन्धित विश्लेषणात्मक र विशिष्ट प्रकृतिका तीनवटा प्रश्न । |
| **कूल योग** | | | | **१००** | **कूलयोग** | | **१००** | |



1.

| **द्वितीयपत्रः- विषयगत इतिहास, पाठ्यक्रम, अनुसन्धान, शिक्षणविधी र सेवा सम्वन्धी ज्ञान परीक्षण पूर्णाङ्कः - १०० समयः - ३ घण्टा** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **उपप्राध्यापक/वरिष्ठ प्रशिक्षक पदका लागि** | | | **प्रशिक्षक पदका लागि** | | | **विस्तृतीकरण** |
| | | प्रश्न संख्या | अंकभार | जम्मा अंक | प्रश्न संख्या | अंकभार | जम्मा अंक | |
| क | विषय/विधागत इतिहास र नवीन प्रवृत्ति | २ | ७.५ | १५ | २ | ७.५ | १५ | विषयगत र विधागत इतिहास, उक्त विषय/विधाको विकासक्रमका विभिन्न मोड उपमोड र समकालीन नवीन प्रबृत्ति, नवचिन्तन एवं प्राप्ति संग सम्वन्धित दुईवटा प्रश्नहरु । |
| ख | विषयगत पाठ्यक्रमको समीक्षा र मूल्यांकन | २ | ७.५ | १५ | २ | ७.५ | १५ | नेपाल संस्कृत विश्वविद्यालयको शास्त्री वा सोसरह र आचार्य वा सो सरहको विषयगत पाठ्यक्रमको संरचनाको समीक्षा र मूल्यांकनसंग सम्वन्धित दुईवटा प्रश्नहरु । |
| ग | अनुसन्धान विधि | २ | १० | २० | २ | १० | २० | अनुसन्धानको अर्थ, उद्देश्य, विधि, सामग्री सङ्कलन, विश्लेषण, पूर्वकार्य समीक्षा, शोधप्रवन्धको संरचना र प्रस्तुतीकरणसंग सम्वन्धित दुईवटा प्रश्नहरु । |
| घ | विषयगत अनुसन्धान विधि | २ | १० | २० | २ | १० | २० | विषयगत शोधसमस्याको पहिचान र विशिष्टता, उपयुक्त विधिको छनोट, तथ्य/तथ्याङ्क विश्लेषण, विषयगत शिक्षण/सिकाइमा उपयुक्तता, सान्दर्भिकता र प्रयोगसम्वन्धी दुईवटा प्रश्नहरु । |
| ङ | शिक्षण सिकाई तथा मूल्याङ्कन विधि | १ | १ | १० | १ | १ | १० | विषयगत शिक्षणविधि, सोको उपयुक्तता र सान्दर्भिकता, प्रयोगमा देखापरेका समस्या र समाधानका उपायहरु साथै विद्यार्थीहरुको सिकाइ मूल्याङ्कन सम्वन्धी एउटा प्रश्न । |
| च | विश्वविद्यालय सम्वन्धी ज्ञान | २ | १० | २० | २ | १० | २० | ने.सं.वि.सभा, प्राज्ञिक परिषद्, कार्यकारि परिषद, सेवाआयोग, विषय समिति, अनुसन्धान परिषद, परीक्षा समिति, शिक्षणविभाग, कार्यनिर्देशिका र सेवासर्त सम्वन्धी दुईवटा प्रश्नहरु । |
| **कूलयोग** | | | | **१००** | **कूलयोग** | | **१००** | |

*६.३ दुवैपत्रमा लिखित परीक्षाको उत्तीर्णाङ्क ५०/५० प्रतिशत हुनेछ ।

*६.४ **लिखित परीक्षाको माध्यम भाषा सम्वन्धमाः** संस्कृतका शास्त्रीय विषयहरुका लागि संस्कृत भाषा, आधुनिक विषयहरु मध्ये अर्थशास्त्र, राजनीतिशास्त्र, गणित, शिक्षशास्त्र, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा र वास्तुशास्त्रका लागि नेपाली, संस्कृत वा अंग्रेजी मध्ये कुनै एक एवं नेपाली, अंग्रेजी, हिन्दी र मैथिली विषयका लागि तत्तत् भाषा हुनेछन ।

*६.५ लिखित परीक्षाका सवै उत्तरपुस्तिकाहरु मूल्यांकनमा पठाउनु पूर्व दोहोरो संकेत पद्धति (Double coding system) अवलम्वन गरिने छ । कोडिङ् तथा डिकोडिङ्का लागि नेपाल सरकार लोकसेवा आयोगको सहयोग लिइने छ । कोडिङका सवै अर्धकट्टीहरु खाममा शिलवन्दी गरी कोडिङ कार्यमा संलग्न सवैको हस्ताक्षर गराई उनीहरुकै रोहवरमा खाम खोल्ने गरी सुरक्षित रुपमा राखिने छ ।

६.७ लिखित परीक्षाको कुल प्राप्ताङ्का आधारमा योग्यताक्रम-सूची निर्धारण गरिनेछ । अन्तर्वार्ताका लागि लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको नामावलीको सङ्ख्या उपलब्ध भएसम्म न्यूनतम ३ जना र अधिकतम रिक्त दरबन्दीको निम्नानुसार प्रतिशत थप गरेर प्रकाशित गरिनेछ ।

| रिक्त पद सङ्ख्या | प्रतिशत थप उम्मेदवार |
|---|---|
| ३ देखि ८ भएमा | ७५ % |
| ९ देखि माथि जतिसुकै भएमा | ५० % |

# अनुसूची ७
## कार्यसम्पादन मूल्याङ्कन

७.१ उम्मेदवार भएको शिक्षकको पछिल्लो एक आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन यसै अनुसूचीको बुंदा नं ७.४ मा उल्लेख भएबमोजिमको फाराममा निज कार्यरत रहेको विद्यापीठका हकमा प्राचार्य, अनुसन्धान केन्द्रहरुका हकमा कार्यकारी निर्देशक, र अन्य निकायहरुमा कार्यरत शिक्षकहरुका हकमा सम्बन्धित निकाय प्रमुखले गर्नेछ । तर कुनै शिक्षक विश्वविद्यालयबाहिर काजमा रहेको भए काजमा रहेको कार्यालयको सम्बन्धित प्रमुखको लिखित राय लिई शिक्षाध्यक्षबाट निजको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । प्राचार्य वा निकायका प्रमुख आफैं उम्मेदवार भएका खण्डमा सो विद्यापीठ वा निकायका सम्बन्धित शिक्षकको मूल्याङ्कन शिक्षाध्यक्षले गर्नेछ ।

७.२ शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको पुनरावलोकन शिक्षाध्यक्षबाट हुनेछ । तर शिक्षाध्यक्षबाट कार्यसम्पादन मूल्याङ्कन भएका अवस्थामा त्यसको पुनरावलोकन उपकुलपतिबाट हुनेछ ।

७.३ कार्यसम्पादन मूल्याङ्कन सेवा आयोगले तोकेको मितिभित्र प्राप्त नभए न्यूनतम अङ्क ४ प्रदान गरिनेछ ।

७.४ कार्यसम्पादन मूल्याङ्कन फाराम देहायअनुसार हुनेछ ।

# नेपाल संस्कृत विश्वविद्यालय
# सेवाआयोग
### अनुसूचि ७
## कार्यसम्पादन-मूल्याङ्कन फाराम

१. **व्यक्तिगत विवरण**

शिक्षकको नाम ............................................. आवेदित पद विज्ञापन नं.

हालको पद ........................................... .विषय...............................

सुरू नियुक्ति मिति..................................... (स्थायी/अस्थायी/ करार)...........................................

हालको पदमा नियुक्ति भएको मिति ............................

विश्वविद्यालयमा सेवारत जम्मा अवधि................ वर्ष ................. . महिना .........................दिन

हालको पदमा सेवारत जम्मा अवधि .................. वर्ष ................... महिना ...........................दिन

हाल कार्यरत विद्यापीठ/निकाय.....................................................

२. प्राध्यापन गर्ने विषय .................. तह .................... र शैक्षिक भार ...............................

३. **शैक्षिक, प्राज्ञिक वा प्रशासनिक कार्यमा पुऱ्याएको योगदान बारे विस्तृत विवरण**

क)

ख)

ग)

४. **अन्य कुनै विशेष उल्लेखनीय कुरा भए यहाँ उल्लेख गर्ने।**

शिक्षकको हस्ताक्षर .....................

मितिः

द्रष्टव्य- शिक्षकहरूले यहाँसम्मको विवरण आफै भरी आफ्नो व्यक्तिगत विवरणसहित कार्यसम्पादन-मूल्याङ्कन फाराम आफ्नो निकाय प्रमुख समक्ष प्रस्तुत गर्नु पर्नेछ।

# नेपाल संस्कृत विश्वविद्यालय
# सेवाआयोग
## अनुसूचि ७

**शिक्षकहरुवाट प्राप्त व्यक्तिगत विवरण सहितको कार्यसम्पादन मूल्याङ्कन फाराम निकाय प्रमुखले देहायनुसार गर्नेछ :-**

१. मूल्याङ्कनकर्ताले तलको स्केलमा रेजा (√) चिह्न लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ ।

२. अत्युत्तम अथवा ठीकै स्केलबाट मूल्याङ्कन गर्दा विशेष कारण जनाउनुपर्नेछ ।

३. विशेष कारण नजनाई अत्युत्तम स्केलबाट मूल्याङ्कन भएको रहेछ भने ६ अङ्क र ठिकै स्केलबाट मूल्याङ्कन भएको रहेछ भने ४ अङ्क प्रदान गरिनेछ ।

| | स्केल | | पूर्णाङ्क |
|---|---|---|---|
| १. | अत्युत्तम | ☐ | ८ |
| २ | उत्तम | ☐ | ६ |
| ३ | मध्यम | ☐ | ४ |
| ४ | ठीकै | ☐ | २ |

| | |
|---|---|
| मूल्याङ्कनकर्ताको सही:............................ | पुनरवलोकनकर्ताको सही:............................ |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| मिति: | मिति:- |

द्रष्टव्य:-

१. पुनरवलोकनकर्ता बाट प्रदत्त अङ्क अन्तिम मानिनेछ र सोही अङ्क गणना गरिनेछ ।

२. कुनै अङ्क नलेखी पुनरवलोकनकर्ताले सहीमात्र गरेको रहेछ भने मूल्याङ्कनकर्ताले दिएको अङ्कलाई सदर गरेको मानिनेछ ।

३. पुनरवलोकनकर्ताले अत्युत्तम अथवा ठिकै स्केलअनुरूपको अङ्क दिएका खण्डमा विशेष कारण जनाउनुपर्नेछ ।

४. कारण नजनाई ठीकै स्केलबाट पुनरवलोकन भएको रहेछ भने मध्यम स्केलको ४ अङ्क प्रदान गरिनेछ ।

५. यो मूल्याङ्कन फाराम भर्दा ठाउं अपुग भए छुट्टै पाना प्रयोग गर्न सकिनेछ ।

# अनुसूची-८
# अन्तर्वार्ता

८.१ सेवा आयोगको विज्ञापनबमोजिम प्रतियोगिता हुने सबै शिक्षक पदका लागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

८.२ अन्तर्वार्तासम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

*८.३ प्राध्यापक/सहप्राध्यापकपदको अन्तर्वार्ताका लागि निर्धारित २० अङ्क र उपप्राध्यापक पदका लागि निर्धारित ३० अङ्क तथा प्रशिक्षक/वरिष्ठ प्रशिक्षकपदको लागि निर्धारित २० अङ्कको विभाजन अनुसूची ८.४ को विशेषज्ञसम्बन्धी व्यवस्थाका अधीनमा रहने गरी देहाय बमोजिम हुनेछ- -

| प्द | विज्ञहरूको सङ्ख्या (न्यूनतम) | | | अन्तर्वार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|---|---|
| | बाह्य | आन्तरिक | जम्मा | सेवा आयोगका अध्यक्ष/सदस्यहरू | विशेषज्ञहरू | जम्मा |
| १. प्राध्यापक ( खुल्ला/आन्तरिक) | १ | २ | ३ | ४ | १६ | २० |
| २. सहप्राध्यापक ( खुल्ला/आन्तरिक) | १ | २ | ३ | ४ | १६ | २० |
| ३. उपप्राध्यापक ( खुल्ला ) | - | २ | २ | ६ | २४ | ३० |
| ४. बरिष्ठ प्रशिक्षक ( आन्तरिक ) | - | २ | २ | ४ | १६ | २० |
| ५. प्रशिक्षक ( खुल्ला ) | - | २ | २ | ४ | १६ | २० |

## ८.४ विशेषज्ञसम्बन्धी व्यवस्था

*क) आन्तरिक र बाह्य विशेषज्ञहरू प्राज्ञिक परिषदद्धारा निर्धारित सूची (रोस्टर) मा रहेका मध्येबाट सेवा आयोगले तोकेअनुसार हुनेछन् । निर्धारित सूची (रोस्टर) मा भएका बाह्य विशषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकताअनुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ । सम्बन्धित विषयका आन्तरिक विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवाआयोगले निर्णय गरी आवश्यकतानुसार उपलब्ध हुनसक्ने समान प्रकृतिको अन्य विषयका शिक्षकलाई विशेषज्ञ तोक्न सक्नेछ । यस सम्बन्धमा निर्णय गर्नुपूर्व सेवा आयोगले आवश्यक सम्झेमा सम्बन्धित विषय समितिका अध्यक्षसँग राय लिन सक्नेछ ।

ख) अन्तर्वाताका लागि बस्ने विज्ञहरू पाइएसम्म कृतिमूल्याङ्कन गर्ने विज्ञहरूभन्दा फरक हुनेछन् ।

द्रष्टव्यः सेवा आयोगबाट अन्तर्वार्ताका लागि आन्तरिक विशेषज्ञ तोक्दा विश्वविद्यालय सेवाका बहालवाला वा अवकाश प्राप्त विषय विज्ञहरूमध्येबाट छनोट गरिनेछ । कुनै विषयमा बहालवाला वा अवकाश प्राप्त विषय विज्ञहरू उपलब्ध हुन नसकेको अवस्थामा अन्य क्षेत्रबाट समेत सम्बन्धित विषयका आन्तरिक विशेषज्ञ तोक्न सकिनेछ । सेवा आयोगबाट अन्तर्वार्ताका लागि बाह्य विशेषज्ञ तोक्दा नेपाल संस्कृत विश्वविद्यालय सेवाका अवकाश प्राप्त विषय विज्ञहरू वा अन्य क्षेत्रका सम्बन्धित विषयका विज्ञहरू मध्येबाट छनोट गरिनेछ ।

ग) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

*घ) सेवा आयोगका अध्यक्ष वा सदस्यहरू वा विषयविशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ७०% भन्दा बढी र ४०% भन्दा घटी अङ्क दिनु परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ७०% र घटीमा ४०% अङ्क दिएको मानी गणना गरिने छ । साथै कुनै विज्ञबाट कारण खोलेर पूर्णाङ्कको ७०% भन्दा बढी र ४०% भन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरूसमेत गरी अन्तर्वार्ता समितिका ५०% भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा ७०% र घटीमा ४०% नै मानी अङ्कगणना गरिनेछ ।

ङ) अन्तर्वार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ४०% अङ्कभन्दा कम भएमा त्यस्ता उम्मेदवारलाई सिफारिस गरिनेछैन।

*(च) सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितात्मक परीक्षामा अन्तर्वार्ताको लागि तोकिएको निर्धारित मिति भन्दा अगाडि अग्रीम अन्तर्वार्ता लिन सकिने छैन । तर सो पद वा विषयका सवै उमेदवारहरुले मनासिव कारण जनाई अन्तर्वार्ताका लागि तोकिएको मिति भन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सो को कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव

देखिएमा आयोगले त्यस्तो पद वा विषयका सवै उमेदवारहरुको अन्तर्वार्ताको मिति भन्दा अगाडि अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

*(छ) कुनै उमेदवारले देहायको कुनै अवस्था परी निजको अन्तर्वार्ता शुरु हुनु भन्दा अघि अन्तर्वार्ताको आयोगबाट निर्धारित मिति र समयमा उपस्थित हुन नसकेमा सो को प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया वस्नु परेको हकमा १५ दिन र अन्य अवस्थाको हकमा ७ दिन भित्र निवेदन दिएमा र आयोगलाई सो व्यहोरा मनासिव लागेमा अन्तर्वार्ताको निर्धारित मिति पछिको २० दिन भित्र छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

*(ज) विश्वविद्यालय सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, कृति, उमेर, नागरिकता, अनुभव आदि ढाटेको पाइएमा त्यस्तो व्यवस्था अनुरुप उमेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको आवेदन फाराम पनि रद्द गरिने छ ।

## अनुसूची-९
## शैक्षिक र अनुभव सम्बन्धी न्यूनतम योग्यता

**९.१ प्राध्यापक (Professor) का निमित्त**

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा कम्तीमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र विद्यावारिधि (Ph.D.) तथा नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा १० वर्ष सम्बद्ध विषय पढाएको अनुभव ।

अथवा

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा प्रथम श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा १२ वर्ष सम्बद्ध विषय पढाएको अनुभव ।

अथवा

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा १५ वर्ष सम्बद्ध विषय पढाएको अनुभव ।

**९.२ सहप्राध्यापक (Reader) का निमित्त**

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा कम्तीमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र विद्यावारिधि (Ph.D.) तथा नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा ८ वर्ष सम्बद्ध विषय पढाएको अनुभव

अथवा

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा प्रथम श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा १० वर्ष सम्बद्ध विषय पढाएको अनुभव ।

अथवा

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण र नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालय अन्तर्गतको विद्यापीठ (महाविद्यालय/क्याम्पस) स्तरमा कम्तीमा १२ वर्ष सम्बद्ध विषय पढाएको अनुभव ।

**९.३ उपप्राध्यापक (Lecturer) का निमित्त**

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा कम्तीमा द्वितीय श्रेणीमा आचार्य वा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

*** ९.४ बरिष्ठ प्रशिक्षक (Main Instructor) का निमित्त**

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर वा सोसरह परीक्षा उत्तीर्ण गरी नेपाल संस्कृत विश्वविद्यालयको स्थायी सेवामा प्रशिक्षक पदमा कार्यरत रहेको हुनुपर्नेछ ।

**९.५ प्रशिक्षक (Instructor) पदका निमित्त**

नेपाल संस्कृत विश्वविद्यालय वा मान्यताप्राप्त शिक्षण-संस्थाबाट सम्बद्ध विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातक वा सोसरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

*** ९.६ खुल्ला विज्ञापनबाट शिक्षण सेवामा प्रवेशका निमित्त आवेदन दिएका उपप्राध्यापक र प्रशिक्षकपदका आवेदकहरु मध्ये अन्तर्वार्ताको लागि सिफारिश गरिएका उम्मेदवारहरुले कम्प्युटरको आधारभूत ज्ञान अनिवार्य रुपमा लिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ र अन्तर्वार्ताकै क्रममा सेवाआयोगले कम्प्युटर प्रयोगसम्वन्धी ज्ञानको परीक्षण गर्नेछ।**

**द्रष्टव्य-** **शिक्षाशास्त्र (Education) तर्फका विषयहरूमा आवेदन गर्ने उम्मेदवारका लागि सम्बद्ध विषयमा एम.एड. (M.Ed.) तथा कला (Art.) तर्फका विषयहरूमा आवेदन गर्ने उम्मेदवारका लागि सम्बद्ध विषयमा एम.ए. (M.A.) उपाधि प्राप्त भएको हुनुपर्नेछ । कला (Art.) तर्फको गणित विषयमा भने एम.एस्सी. (Math) विषय लिएका उम्मेदवारले पनि आवेदन दिन पाउनेछन् ।**

## अनुसूची-१०

**<u>आवेदन तथा परीक्षा शुल्क</u>**

**विज्ञापन बमोजिम आवेदन दिँदा लाग्ने शुल्कहरू:**

| | |
|---|---|
| (क) प्राध्यापक पदका लागि | रु. ३,५००/- |
| (ख) सहप्राध्यापक पदका लागि | रु.३,२००/- |
| (ग) उपप्राध्यापक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक, वा सोसरहका पदहरूका लागि | रु.३,०००/- ( |
| घ) आवेदन फाराम शुल्क सबैका लागि | रु.७००/- |

ङ) समावेशी समूहमा आवेदन दिने उम्मेदवारलाई प्रतिसमूह बापत २० प्रतिशत थप शुल्क लाग्ने छ ।

च) आन्तरिक र खुल्ला प्रतियोगितामा सामेलहुने उम्मेदवारले अलग/अलग आवेदन तथा परीक्षाशुल्क तिर्नुपर्नेछ।

छ) आवेदन दिने म्याद नाघेको मितिदेखि ७ दिनसम्म विलम्बशुल्कको रूपमा दोब्बर दस्तुर तिरी आवेदन दिन सकिनेछ।

---

**द्रष्टव्य**

१. * संकेत भएको २०७८ फागुन ८ को सेवाआयोगको निर्णय अनुसार थप तथा संशोधन गरिएको।

२. यस निर्देशिकामा प्रयुक्त भाषिक शव्दावली वा वाक्यांशमा कुनै फरक परेमा मूल निर्देशिका वमोजिम नै हुनेछ।

(निर्देशिकाको २.२ (ञ) सँग सम्बद्ध)
अनुसूची ११

# नेपाल संस्कृत विश्वविद्यालय
## सेवा आयोग
### शैक्षिक पदहरूको प्रतियोगिताका लागि आवेदन फाराम

आवेदन फाराम नं.-

**विज्ञापन नं.** ......................

फोटो
(हालसालै खिचिएको)

द्रष्टव्य-
निम्नाङ्कित प्रत्येक विषयका निमित्त निर्धारित स्थान पर्याप्त नभएमा बाँकी विवरण छुट्टै कागजमा लेखी प्रसङ्गनिर्देशन-पूर्वक यसै साथ संलग्न गर्नुपर्नेछ।

१. क) आवेदित पद- ख) विषय-
ग) आवेदन गरेको आधार-
(आधारमा शैक्षिक योग्यता र अनुभवमध्ये कुनै एक स्पष्ट उल्लेख गर्नुहोस्।)
ख) प्रतियोगिताको किसिम- ....................................................... (खुल्ला वा आन्तरिक वा बढुवा उल्लेख गर्नुपर्ने)

---

२. क) उमेदवारको पूरा नाम थर- ख) वर्ण :-
ग) उमेर- घ) उचाइ-
ङ) विशेष चिह्न (हुलिया)- च) लिङ्ग-
छ) विवाहित वा अविवाहित- ज) व्यवसाय :-
झ) विवाहित भए पति वा पत्नीको नाम :-

---

३. क) हालको पद र श्रेणी- ख) स्थायी, अस्थायी वा करार सेवा-
ग) कार्यालय/विद्यापीठ-

---

४. **क) स्थायी ठेगाना :**
अ) प्रदेश-
आ) जिल्ला-
इ) गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.-
ई) वडा नम्बर-
उ) गाउ/टोलको नाम -
ऊ) सम्पर्क नम्बर :-

**ख) अस्थायी ठेगाना :**
अ) प्रदेश-
आ) जिल्ला-
इ) गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.-
ई) वडा नम्बर-
उ) गाउ/टोलको नाम -
ऊ) सम्पर्क नम्वर -

**५.** जन्म स्थान र मिति -

---

६. नागरिकता- धर्म(अभिलेखको लागि मात्र)-
७. क) बाजेको नाम, थर-
ख) पिताको नाम, थर-
ग) पति वा पत्नीको नाम, थर-
ग) ठेगाना-
घ) व्यवसाय-

## ८. आफूले उत्तीर्ण गरेका परीक्षाहरूको विवरण-

एस.ई.ई वा तत्समकक्ष परीक्षा र त्यसपछिका परीक्षाहरू-

| परीक्षा | उत्तीर्ण गरेको वर्ष | विद्यालय, महाविद्यालय, विश्वविद्यालयको नाम | विषयहरू | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | श्रेणी वा ग्रेड | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ९. अनुभव-विवरण- (स्थायी, अस्थायी वा करार (पूर्णकालिक कोर्स करार समेत) छुट्टाछुट्टै स्पष्ट उल्लेख गर्नुहोस् ।)

| कार्यालय | पद | स्थायी, अस्थायी वा करार | बहाल गरेको मिति | छोडेको वा सरुवा भएको मिति | आवेदन दिने अन्तिम मितिसम्मको जम्मा अनुभव |
|---|---|---|---|---|---|
| | | | | | |

## १०. अनुसन्धान तथा कृतिप्रकाशनको विवरण-

क) पाठ्यपुस्तक वा सन्दर्भपुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन

| क्र.सं. | पुस्तकको नाम | प्रकार: पाठ्युस्तक वा सन्दर्भग्रन्थ वा प्रकाशित अनुसन्धान प्रतिवेदन | प्रकाशकको नाम | प्रकाशन वर्ष | एकल वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख) लेखहरू-

| क्र.सं | लेखको शीर्षक | प्रकार: सम्बन्धित विषयको अनुसन्धानप्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेख वा विषयगत साधारण लेख | पत्रिकाको नाम, वर्ष र अङ्क | प्रकाशन वर्ष | प्रकाशकको नाम | एकल वा संयुक्त |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ग) शोधनिर्देशन-

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | (स्नातकोत्तर वा पिएच.डी) | शोधपत्र पूरा गरेको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(मूल्याङ्कनका लागि प्रकाशित अनुसन्धानात्मक कृतिहरूका २/२ प्रति आवेदन फारामसाथ संलग्न गर्नुपर्नेछ ।)

**११.** खटाएको ठाउँमा गएर काम गरेको अनुभव र अवधि–

(खटाउनु पर्ने अवस्था नै नपरेको भए वा खटाएको ठाउँमा नगएको भए सोसमेत स्पष्ट गर्नुहोस् ।)

**१२.** अध्ययन बिदा लिएको भए कुन तह वा प्रयोजनका लागि अध्ययन बिदा लिएको हो, सोको स्पष्ट विवरण र अध्ययन विदाको अवधि तथा उद्देश्य समेत पुरा भए नभएको खुलाउनु अनिवार्य हुनेछ ।

**१३.** कुन-कुन भाषाहरू तपाई लेख्न, बोल्न र पढ्न सक्नुहुन्छ ? यदि कुनै परीक्षा उत्तीर्ण गर्नु भएको छ भने त्यसको उल्लेख गर्नुहोस् ।

**१४.** विशेष योग्यता वा अनुभव केही छन् भने अथवा अरू कुनै जानकारी दिन चाहनुहुन्छ भने त्यसको उल्लेख गर्नुहोस्।

**१५.** क) तपाईं हाल नेपाल सरकारको सेवामा हुनुहुन्छ भने तपाईंको नियुक्ति स्थायी वा अस्थायी के हो ? उल्लेख गर्नुहोस् ।

ख) तपाईं हाल अन्य संस्थामा कार्यरत हुनुहुन्छ कि ? हुनुहुन्छ भने कहाँ कुन पदमा कहिलेदेखि कार्यरत हुनुहुन्छ ।

ग) अन्य संस्थामा कार्यरत हुनुहुन्छ भने विभागीय स्वीकृति संलग्न गर्नुहोस् ।

**१६.** प्रमाणित प्रतिलिपिहरू सूचीक्रम मिलाएर संलग्न गर्नुहोस् ।

| | |
|---|---|
| १. | ६. |
| २. | ७. |
| ३. | ८. |
| ४. | ९. |
| ५. | १०. |

**१७.** नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको विज्ञापन अनुसार यसबाहेक अन्य कुनै पदका लागि दरखास्त दिएको भए त्यसको विवरण :

| विज्ञापन नं. | आवेदित पद | मिति |
|---|---|---|
| | | |

***१८.** ने.सं.वि.सेवाआयोगबाट आवेदित पदमा सिफारिश भएमा स्थान चयन ।

| | | |
|---|---|---|
| क | ख | ग |

***१९.** उम्मेदवारले गर्नु पर्ने प्रतिज्ञा-

सेवा आयोगबाट सिफारिश भएमा तोकिएको निकायमा न्यूनतम ५ वर्ष सेवा गर्नेछु र तोकिएको मिति सम्म सम्पर्कमा नआएमा बैकल्पिकि कर्मचारीको नियुक्ति भएमा मेरो मञ्जुरी छ । मैले यस आवेदन फाराममा उल्लेख गरेका सबै विवरणहरू सत्य छन् भनी प्रमाणित गर्दछु ।

...............................

मिति :........................ उम्मेदवारको हस्ताक्षर

**द्रष्टव्य - उम्मेदवारले प्रस्तुत गरेका विवरण -**

१. झुटो विवरण प्रस्तुत गरेको वा कुनै महत्त्वपूर्ण कुरा लुकाएको ठहरिएमा त्यस्तो व्यक्ति नियुक्तिका निमित्त अयोग्य मानिनेछ। साथै कुनै उम्मेदवार भविष्यमा सरकारी नोकरीका निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त भएको वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको वा भ्रष्टाचारको अभियोगमा सेवामुक्त भएको भए पनि नियुक्तिका निमित्त अयोग्य मानिनेछ। झुट्टा विवरण प्रस्तुत गरी वा जानाजान वास्तविक तथ्य लुकाई नियुक्ति पाइसकेको रहेछ भने पनि थाहा पाउनासाथ निजको नियुक्ति रद्द गर्न सकिनेछ।

२. उमेरको प्रमाणपत्र सम्बन्धमा :
   क) उमेर खुलेको एस.एल.सी.को प्रमाणपत्र वा
   ख) उमेर खुलेको नागरिकताको प्रमाणपत्र वा
   ग) जन्ममिति खुलेको अन्य सरकारी प्रमाणपत्र पेस गर्नुपर्नेछ।

३. पेस गर्न आवश्यक भएका शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरू सम्वद्ध निवेदक आफैले *"सक्कल वमोजिम नक्कल दुरुष्त छ"* भनि प्रमाणित गरि प्रत्येकको २/२ प्रति पेस गर्नुपर्नेछ।

४. पेस गरिएका प्रमाणित प्रतिलिपिहरू सिलसिलेवार राख्नुपर्नेछ।

५. आफ्नो ठेगाना परिवर्तन भएमा उम्मेदवारले सेवा आयोगलाई तत्काल सूचना गर्नुपर्नेछ।

६. तोकिएको समय र स्थानमा परीक्षा वा अन्तर्वार्तामा सम्मिलित नभएका उम्मेदवारहरूको आवेदन उपर पुनः विचार गरिनेछैन।

७. जुनसुकै उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ।

८. विज्ञापनमा तोकिए अनुसार आवश्यक न्यूनतम योग्यता नपुगेका उम्मेदवारहरूको आवेदन स्वीकार गरिनेछैन ।

९. प्रमाणित प्रतिलिपि संलग्न नभएको प्रमाणपत्र उपर कुनै कारवाही गरिनेछैन।

१०. उम्मेदवारले एकभन्दा बढी पदहरूका निमित्त आवेदन गर्नुपरेमा छुट्टाछुट्टै २/२ प्रति दरखास्त दिनुपर्नेछ।

११. अन्य सेवामा बहाल रहेका उम्मेदवारहरूले पेस गर्नुपर्ने प्रमाणपत्र :-

श्री/श्रीमती/सुश्री.......................................... स्थायी/अस्थायी/कायममुकायम/करार सेवाको............................................ पदमा कार्यरत हुनुहुन्छ।

निजको तलबमान ................................ छ र हाल निजले मासिक तलब रु. ....................................... पाउनुहुन्छ।

उपर्युक्त विवरण ठीक छ भनी प्रमाणित गर्दछु र विज्ञापन गरिएको पदका निमित्त निज छानिई निजले नियुक्तिपत्र पाएमा यस कार्यालयलाई कुनै आपत्ति हुनेछैन।

स्थान- .......................................

दिनाङ्क- प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर

कार्यालयको छाप- पद-

कार्यालय-

# नेपाल संस्कृत विश्वविद्यालय

## सेवा आयोग

**विज्ञापन नं.** ......................

## परीक्षा प्रवेश–पत्र

फोटो
(हालसालै
खिचिएको)

१. **परीक्षार्थीले भर्ने :-**

क) नाम, थर-

ख) परीक्षा दिने पद- ग) विषय-

घ) प्रतियोगिताको किसिम-

ङ) परीक्षार्थीको दस्तखत नमूना-

२. **नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगका सम्बन्धित कर्मचारीले भर्ने-**

क्रमाङ्क-

सेवा आयोगबाट मिति ............................................... मा लिइने उक्त पदको परीक्षा/अन्तर्वार्तामा निम्न केन्द्र/स्थानबाट तपाईंलाई सम्मिलित हुन अनुमति दिइएको छ।

**केन्द्र-**

.................................................

**सेवा आयोग**

**नोट-**

१. परीक्षार्थीले परीक्षा भवनमा प्रवेश गर्दा प्रवेशपत्र लिई आउनुपर्नेछ।
२. परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।
३. प्रवेशपत्र हराएमा रु. १००/- दाखिला गरी प्रतिलिपि लिन सकिनेछ।
४. तोकिएको समय र स्थानमा परीक्षामा सम्मिलित नभएका उम्मेदवारहरूको आवेदन उपर पुनःविचार गरिनेछैन।
५. परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षामा बस्ने अनुमति दिइनेछैन।
६. परीक्षाभवनमा अनुचित कार्य गरेमा परीक्षाभवनबाट निष्काशित गरिनेछ र सेवाआयोगको निर्णयबमोजिम सजाय हुनेछ।
७. परीक्षा भवनमा किताव, कापी, मोबाइल कागज आदि ल्याउन पाइने छैन।
८. परीक्षार्थीले कालो मसी बाहेक अन्य रंगको मसी प्रयोग गर्न पाउनेछैन।
९. संकेत खुल्नेगरी उत्तरपुस्तिकामा कुनै संकेत पाइएमा उत्तरपुस्तिका रद्द हुन सक्नेछ।
१०. . परीक्षार्थीले आफूले परीक्षा दिएको दिनमा आफ्नो हाजिर गर्न छुट भएको भए तुरुन्त खबर गरी हाजिर गर्नुपर्नेछ।
११. सरुवा रोग लागेको परीक्षार्थीलाई परीक्षाभवनमा प्रवेश गराइने छैन। बिरामी परीक्षार्थी परीक्षाभवनमा प्रवेश गरी केही भए सेवा आयोग जबाफदेही हुनेछैन।
१२. परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएका शर्तको पूर्ण पालना गरेको हुनुपर्नेछ।

# नेपाल संस्कृत विश्वविद्यालय
# सेवा आयोग

## शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन मूल्याङ्कन

## तथा कार्यक्षमता अङ्कविभाजन एवं सिफारिश

## सम्बन्धी निर्देशिका (कार्यविधि) २०६७

**(२०७८ फागुन ८ सम्मको संशोधन सहित)**

**बेलझुण्डी, दाङ**

**नेपाल**

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | प्रारम्भिक | १ |
| २ | सिफारिस सम्बन्धी कार्यविधि | २ |
| ३ | प्रतियोगिताका प्रकार | ३ |
| ४ | सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन | ४ |
| ५ | सिफारिस | ५ |
| ६ | विविध | ६ |
| ७ | समावेशीको आधार (अनुसूचि १) | ७ |
| ८ | शैक्षिक योग्यताको अंक विभाजन र अन्य व्यवस्था (अनुसूचि २) | ८ |
| ९ | अनुसन्धान तथा कृति प्रकाशन सम्बन्धी अन्य व्यवस्था (अनुसूचि ३) | १० |
| १० | शिक्षण सेवा अनुभव वापतको अङ्क (अनुसूचि ४) | १४ |
| ११ | तालिमवापत प्राप्त हुने अङ्क (अनुसूचि ५) | १५ |
| १२ | लिखित परीक्षा (पाठ्यक्रम) (अनुसूचि ६) | १६ |
| १३ | कार्यसम्पादन मूल्याङ्कन (अनुसूचि ७) | १८ |
| १४ | अन्तर्वार्ता (अनुसूचि ८) | २१ |
| १५ | न्यूनतम शैक्षिक योग्यता (अनुसूचि ९) | २२ |
| १६ | आवेदन तथा परीक्षा शुल्क (अनुसूचि १०) | २२ |
| १७ | आवेदन फाराम नमूना (अनुसूचि ११) | २३ |